# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २३७ काठमाडौं | बुधबार, १३ पुस २०७९ | Prabhab National Daily | Wednesday, December 28, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## गुरुङको सांसद पद निलम्बित



■ प्रभाव संवाददाता

**काठमाडौं–** मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित टेकबहादुर गुरुङ निलम्बनमा परेका छन् । संघीय संसद् सचिवालयले मंगलबार सूचना जारी गरी गुरुङलाई सांसद पदबाट निलम्बन गरेको हो ।

नेपाली कांग्रेसका नेता गुरुङ पूर्वश्रम तथा रोजगार राज्यमन्त्री हुन् । गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा गुरुङ मनाङबाट दुई हजार ५७५ मतसहित निर्वाचित भएका थिए । उनले नेकपा एमालेका पोल्देनछोपोङ गुरुङलाई पराजित गरेका थिए ।

गुरुङलाई निलम्बन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पत्र आएको र सोही आधारमा यस्तो निर्णय लिइएको संसद् सचिवालयले जनाएको छ । 'प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङउपरको मुद्दा विशेष अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने कानुनी व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा लेखी पठाउने' व्यहोराको अख्तियारको पत्र पुस ८ गते संसद् सचिवालयमा आइपुगेको थियो ।

गुरुङविरुद्ध अख्तियारले २०७५ माघ २१ गते भ्रष्टाचार मुद्दा दायर गरेकोमा अहिले त्यो विशेष अदालतमा विचाराधीन छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा भएको व्यवस्थाबमोजिम भ्रष्टाचार कसूरको आरोप लागेको व्यक्ति सार्वजनिक पद धारण गर्न नमिल्ने भन्दै गुरुङलाई निलम्बन गरिएको हो ।

तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारमा गुरुङ श्रम तथा रोजगार राज्यमन्त्री भएका थिए । उनीमाथि काठमाडौं फनपार्कको जग्गा भाडामा लगाउँदा भ्रष्टाचार गरेको अभियोग छ । अख्तियारले २०७५ माघमा गुरुङसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दा विशेष अदालतमा विचाराधीन छ ।

# राष्ट्रपति निर्वाचनको सुरसार

■ जेबी योञ्जन

**काठमाडौं–** निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको गृहकार्य थालेको छ । आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार आयोगले आन्तरिकरूपमा निर्वाचनको तयारी थालेको हो । आयोगले चाँडै सरकारलाई निर्वाचनको मिति सिफारिस गर्ने तयारी गरेको छ ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ अनुसार राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचन हुनेगरी मिति तोक्नुपर्ने हुन्छ । राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दबहादुर पुनको पाँच वर्षे कार्यकाल आगामी २९ फागुनमा सकिँदै छ । आयोगका सहायक प्रवक्ता अर्यालले भने, '२९ फागुनमा कार्यकाल सकिने भएकाले आयोगले २८ माघभित्र निर्वाचन गर्नेगरी तयारी थालेको छ ।'

राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव एकै मितिमा भने हुने छैन । भिन(नभिन्न मितिमा निर्वाचन गर्ने आयोगले जनाएको छ । राष्ट्रपति र उपराष्ट्रपति भिन्न लिंग वा समुदायको हुने प्रावधान पनि संविधानमा छ । संविधानको धारा ७० मा भनिएको छ, 'यस संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुनेगरी गर्नुपर्नेछ ।'

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनभन्दा अगाडि भने संसद् बैठक बस्नुपर्छ । राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा मंगलबार दुवै संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) को बैठक यही २५ पुसको दिउँसो १ बजे बोलाएकी छन् । संसद् बैठक बोलाएको १५ दिनमा भने प्रतिनिधिसभाका सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने संवैधानिक प्रावधान छ । यसपछि मात्रै राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया सुरु हुन्छ ।




## को-को छन् आकांक्षी

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार माओवादीसहित सात दलको समर्थनमा गठन भएको हो । एमाले, रास्वपा, राप्रपा, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसदहरू प्रभु साह, किरणकुमार साह र डा. अमरेशकुमार सिंहको समर्थन सरकारलाई छ । स्वतन्त्र तीन सांसदको कूल मतभार २३७ छ ।

यसो हुँदा सत्ता गठबन्धन दलहरू र स्वतन्त्र तीन सांसदको कूल मतभार ३१ हजार २१९ हुन्छ । यो स्पष्ट बहुमत हो ।

बाँकी मतभार नेपाली कांग्रेस, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, स्वतन्त्र सांसद योगेन्द्र मण्डल, हाम्रो नेपाली पार्टीसँगै प्रदेशका अन्य स्वतन्त्र सांसदहरूका हुन् । यस आधारमा राष्ट्रपति र उपराष्ट्रपति चुनावमा सत्ता गठबन्धनलाई स्पष्ट बहुमत पुग्ने देखिएको छ ।

राष्ट्रपतिमा भने सत्ता गठबन्धन दलहरूबाट एमालेको दाबी छ । एमालेबाट राष्ट्रपतिको मुख्य दाबेदारको रूपमा उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ छन् । उनी इलाम-२ बाट निर्वाचित सांसद हुन् । पटक-पटक सभामुख भएका उनी पूर्वकानुनमन्त्री पनि हुन् । एमालेबाटै नेता अमृत बोहरा पनि राष्ट्रपति पदका दाबेदार हुन् । उनकी पत्नी तथा बाग्मती प्रदेशकी पूर्वमूख्यमन्त्री अष्टलक्ष्मी शाक्यलाई पनि राष्ट्रपति पदकै दाबेदारको रूपमा हेरिएको छ ।

संसद्को पहिलो दल कांग्रेसबाट भने वरिष्ठ नेता रामचन्द्र पौडेल र नेता डा. शेखर कोइराला राष्ट्रपतिको दाबेदार हुने चर्चा छ । उनीहरूकै कारण यसअघि कांग्रेस नेतृत्वमा गठबन्धन हुँदा देउवाले प्रधानमन्त्रीसँगै राष्ट्रपति पद पनि नछाड्ने अडान लिएका थिए । राज्यशक्तिका दुवै पद नछाड्ने भनिएकै कारण दाहालले गठबन्धन तोडेर एमालेतर्फ लागेका थिए ।

माओवादीबाट भने वर्तमान उपराष्ट्रपति नन्दबहादुर पुन, हाल माओवादीसँग नजिकिन थालेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र नेता कृष्णबहादुर महरा राष्ट्रपतिको आकांक्षी छन् । नेकपा एकीकृत समाजवादीबाट अध्यक्ष माधवकुमार नेपालसँगै सम्मानित नेता झलनाथ खनाल आकांक्षी छन् । मुलुकको पहिलो राष्ट्रपति डा. रामवरण यादव कांग्रेसबाट भएका थिए । दोस्रो राष्ट्रपति विद्यादेवी भण्डारी हुन् । लगातार दुईपटक राष्ट्रपति बनेकी भण्डारी दोस्रो कार्यकालको उत्तरार्द्धमा छिन् ।

वर्तमान राष्ट्रपतिको २९ फागुनमा कार्यकाल सकिने भएकाले आयोगले २८ माघभित्र निर्वाचन गर्ने गरी तयारी थालेको छ ।

■ **सूर्यप्रसाद अर्याल**
सहायक प्रवक्ता
निर्वाचन आयोग

निर्वाचनमा मतदाता भने प्रतिनिधिसभाका सदस्य, राष्ट्रिय सभाका सदस्य र प्रदेशसभा सदस्यहरू हुन्छन् । प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ जना गरी दुवै सदनमा ३३४ जना छन् । हरेक मतदाताको मतभार ७९ हुन्छ । दुवै सदनका सदस्यहरूको कूल मतभार २६ हजार ३८६ छ ।

प्रदेश सांसदको मतभार भने ४८ हुन्छ । सातवटै प्रदेशको कूल सांसद संख्या ५५० जना हो । उनीहरूको मतभार २६ हजार ४०० हुन्छ । यसरी प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाका गरी कूल ८८४ जना सदस्यहरूको कूल मतभार ५२ हजार ७८६ हुन्छ ।

गत ४ मंसिरमा भएको चुनावपछि संसद्मा पहिलो भएको दल नेपाली कांग्रेसको सर्वाधिक मतभार छ । कांग्रेसको प्रतिनिधिसभामा ८९ र राष्ट्रिय सभामा १० जना सदस्य छन् । उनीहरूको मतभार सात हजार ८२१ छ । प्रदेशसभामा १७५ जना सांसद कांग्रेसको छ । उनीहरूको मतभार आठ हजार ४०० छ । तीनवटै संसद्को जोड्दा कांग्रेसको मतभार १६ हजार २२१ पुग्छ ।

प्रतिनिधिसभामा ७८ र राष्ट्रिय सभामा अध्यक्षसहित १७ सांसद रहेको एमालेको मतभार सात हजार ५०५ छ । प्रदेशसभाहरूमा १६२ सांसद रहेका छन् । यी प्रदेश सदस्यहरूको कूल मतभार सात हजार ७७६ हो । यसरी एमालेको कूल मतभार १५ (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### वैदेशिक रोजगारीका नाममा ठगी

# पाँच महिनामै १२ सय उजुरी

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगारीका नाममा ठगीका घटना अनियन्त्रित देखिएको छ । वैदेशिक रोजगार विभागमा चालु आर्थिक वर्षको पाँच महिनामा मात्रै करिब १२ सय वैदेशिक रोजगारसम्बन्धी उजुरी दर्ता भएका छन् । साउनदेखि मंसिर मसान्तसम्म एक हजार १९० वटा ठगीका उजुरी परेका विभागको तथ्यांक छ ।

विभागले श्रम, रोजगार तथा सामाजिक मन्त्रालयलाई उपलब्ध गराएको तथ्यांकअनुसार वैदेशिक रोजगारसम्बन्धी व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूले ठगी तथा अलपत्र पारेको भन्दै ४१० वटा उजुरी परेका छन् । इजाजतपत्र नलिएका अन्य संस्था तथा व्यक्तिले ठगी गरेको भनी ७८० वटा उजुरी दर्ता भएका छन् । म्यानपावर कम्पनीहरूले ठगी गरेको भन्दै दर्ता भएको उजुरीमा छ करोड ५६ लाख ५९ हजार रूपैयाँ मागदाबी गरिएको छ । यस्तै अन्य व्यक्ति वा संस्थाबाट ठगिएको उजुरीमा २८ करोड २३ लाख २० हजार रूपैयाँ मागदाबी परेको विभागले उल्लेख गरेको छ ।

विभागले उजुरी परेकामध्ये १७० वटा मुद्दालाई मिलापत्र गराई आठ करोड ५१ लाख ५३ हजार रूपैयाँ क्षतिपूर्ति दिलाएको छ । जसमा




म्यानपावर कम्पनीबाट ६९ वटा उजुरीका एक करोड ४० लाख ८४ हजार रूपैयाँ र अन्य १०१ वटा मुद्दाका सात करोड १० लाख ६९ हजार रूपैयाँ रहेको उल्लेख छ । त्यस्तै तीन वटा उजुरीका आठ लाख ४६ हजार रूपैयाँ बराबरको मिलापत्र गराएको छ भने नौ करोड ४७ लाख ६५ हजार रूपैयाँ मागदाबीसहित वैदेशिक रोजगार न्यायाधीकरणमा २७ वटा मुद्दा दर्ता भएको जनाइएको छ ।

यस्तै विभागले अनुगमनका क्रममा चालु आवको मंसिर मसान्तसम्मको अवधिमा २२ वटा म्यानपावर कम्पनी र ४४ वटा अभिमुखीकरण संस्थाको नियमित तथा आकस्मिकरूपमा अनुगमन गर्दा नियमविपरीत गतिविधि गर्ने छ वटा म्यानपावर र २२ वटा अभिमुखीकरण संस्थाहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम तत्कालका लागि बन्द गरी कारबाही गरिएको उल्लेख गरेको छ ।

वैदेशिक रोजगारसम्बन्धी ठगी गरेको उजुरीका आधारमा एक ट्राभल एजेन्सी र एक शैक्षिक परामर्श केन्द्रमासमेत आकस्मिकरूपमा अनुगमन गरी कारबाहीको दायरामा ल्याइएको विभागले जनाएको छ । विभागले वैदेशिक रोजगारीमा हुने ठगी तथा अनधिकृत गतिविधि नियन्त्रणका लागि टेलिफोन तथा अनलाइन माध्यमबाटसमेत अनुगमन कार्यलाई तीव्रता दिँदै आएको छ ।

चालु आवको मंसिर मसान्तसम्ममा विभिन्न सात मुलुक बहराइन, कुवेत, मलेसिया, ओमान, कतार, साउदी अरेबिया र युएईमा दुई लाख ८९ हजार ७२ जना पुरुष र २४ हजार २२ जना महिला गरी कूल तीन ४९ हजार ८२ जनाले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

## अभिमुखीकरण तालिममा मापदण्ड अनिवार्य

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले रोजगारीका लागि विदेश जाने नेपालीहरूका लागि सञ्चालन भइरहेको अभिमुखीकरण तालिम मापदण्डअनुरूप नभएको जनाएको छ । वैदेशिक रोजगारीमा जाने कामदारका लागि अनिवार्य रहेको अभिमुखीकरण तालिम मापदण्ड अनुसार सञ्चालन नभएको जनगुनासो बढेपछि विभागले अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा देशका विभिन्न ठाउँमा रहेका अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले मापदण्ड पालना नगरेको पाइएको भन्दै १५ दिनभित्र कार्यविधिले तोकेको मापदण्ड पूरा गरी विभागलाई जानकारी गराउन निर्देशन दिइएको छ । विभागले एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारीमा जाने कामदारले अनिवार्यरूपमा अभिमुखीकरण तालिम लिनुपर्ने जनाउँदै तालिम प्रदायक संस्थाहरूले भौतिक पूर्वाधारलगायत कक्षा सञ्चालन भएको नपाइएको उल्लेख गरेको छ । विज्ञप्तिमा वैदेशिक रोजगार नियमावली,२०६४ बमोजिम विदेश जाने कामदारहरूले अनिवार्यरूपमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था भएबमोजिम विभागवाट विभिन्न तालिम प्रदायक संस्थाहरू दर्ता भई कार्य सञ्चालनमा रहे पनि तोकिएको मापदण्ड पूरा नगरेको उल्लेख छ ।

विभागले तोकिएको समयावधिमा पनि कार्यविधिबमोजिमको प्रक्रिया पूरा भएको नपाइएमा कानुनबमोजिम कारबाही हुने चेतावनी दिएको छ । साथै, चाँडै नै तालिम प्रदायक संस्थाहरूको अनुगमन अनलाइन प्रणालीबाट हुने विभागले जनाएको छ ।


## जनहितमा जारी सन्देश




**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# संघीय संसद्को अधिवेशन २५ पुसमा

**काठमाडौं (प्रस)**– संघीय संसद्को बैठक यही पुस २५ गते बस्ने भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले मंगलबार पुस २५ गतेका लागि संघीय संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रिय सभाको अधिवेशन आह्वान गरेकी हुन् ।

उनले नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा यही पुस २५ गते सोमबार दिउँसो १ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संसद् अधिवेशन आह्वान गरेकी छन् । यसअघि सरकारले अधिवेशन आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

संघीय संसद् सचिवालयले राष्ट्रपतिबाट अधिवेशन आह्वान भएकाले उक्त, मिति, समय र स्थानमा उपस्थितिका लागि सबै संसद् सदस्यहरूलाई आग्रह गरेको छ । सचिवालयले मंगलबार एक सूचना जारी गरी उक्त आग्रह गरेको हो ।

गत मंसिर ४ गते सम्पन्न आमनिर्वाचनबाट प्रतिनिधिसभामा २७५ सदस्य निर्वाचित भएका छन् । जसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट १६५ र ११० जना समानुपातिक प्रणालीबाट निर्वाचित भएका हुन् ।

मनाङबाट निर्वाचित टेकबहादुर गुरुङ भने बैठकमा सहभागी हुन नपाउने भएका छन् । उनी विरुद्धको भ्रष्टाचार मुद्दा विशेष अदालतमा विचाराधीन रहेकोले उनको सांसद् पद निलम्बनमा परेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आग्रहमा संसद् सचिवालयले मंगलबार गुरुङको सांसद पद खारेज गरेको हो ।

## राष्ट्रपति निर्वाचनको...

पृष्ठ १ बाट जारी

हजार २८१ रहेको छ । तुलनात्मक रूपमा कांग्रेसको भन्दा एमालेका मतभार ९४० कम हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको दल नेकपा माओवादी केन्द्रको प्रतिनिधिसभामा ३२ र राष्ट्रिय सभामा १६ जना सांसद छन् । ४८ जना सांसदको मतभार तीन हजार ७९२ छ । ८२ जना प्रदेश सांसदहरूको कूल मतभार तीन हजार ९३६ छ । तीन तहकै संसद् सदस्यहरूको मतभार सात हजार ७२८ छ ।

यस्तै, तीनवटै सभाको जोड्दा नेकपा एकीकृत समाजवादीको दुई हजार ४७८ मतभार छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को दुई हजार २१० मतभार र जनता समाजवादी पार्टी (जसपा)को केही कम दुई हजार ९७ मतभार दुई हजार ९७ मतभार रहेको आयोगले जनाएको छ ।

नयाँ दल भएका कारण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले राष्ट्रिय सभा निर्वाचनमा प्रतिस्पर्धा गर्न पाएको छैन । प्रदेश निर्वाचनमा भाग लिएन । तर, प्रतिनिधिसभामा २० सदस्य छन् । उनीहरूको कूल मतभार एक हजार ५८० छ ।

अर्को नयाँ दल जनमत पार्टीको पनि भने प्रदेशभा सदस्यहरू छन् । प्रतिनिधिसभा सदस्य पनि छ जना छन् । दुई संसद्का सदस्यहरूको कूल मत एक हजार २४२ छ । आयोगका अनुसार लोकतान्त्रिक समाजवादी पार्टीको प्रतिनिधिसभा र प्रदेशसभा गरी ८२७, नागरिक उन्मुक्ति पार्टीको ८४४, नेपाल मजदुर किसान पार्टीको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र सांसदहरूको मतभार एक हजार २८७ छ ।

राष्ट्रपति निर्वाचनमा निर्वाचित हुन ५१ प्रतिशत मत आवश्यक हुन्छ । अर्थात् २६ हजार ३९४ मत कम्तीमा राष्ट्रपतिका उम्मेदवारले प्राप्त गर्नुपर्छ । सोही उम्मेदवार निर्वाचित हुने हुन् । यससम्बन्धी प्रावधान संविधानको धारा ६२ को (३) मा छ ।

निर्वाचनमा प्रतिस्पर्धी कुनै उम्मेदवारले बहुमत प्राप्त नगरे सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूबीच दोस्रो चरणमा प्रतिस्पर्धा हुने प्रावधान छ । फेरि, पनि बहुमत प्राप्त नगरे तेस्रो चणमा भने सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रावधान छ ।


**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिस्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौं**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/११/२८ मा दर्ता भएको प्रा.लि.नं. २१०६०५ को **ट्रिओ ग्रुप एण्ड ट्रेडर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**साधारण सभा बस्ने बारेको सूचना**

**यस आर्थिक सेवा बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा यहि मिति २०७९ साल पौष २२ गते शुक्रबार दिनको ११:३० बजे यस संस्थाको कार्यालयमा सम्पन्न हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुलाई उपस्थितीको लागी अनुरोध गर्दछु ।**

**अध्यक्ष**
**आर्थिक सेवा वचत तथा ऋण सहकारी संस्था लि.**
**आलोकनगर–३१, काठमाडौं, फोन नं. ४१०६६७७**



**बागमती प्रदेश सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौ**

**प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आव्हान गरिएको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०९/१३)**

यस कार्यालयबाट आ.व. २०७९/८० मा इच्छुक लघु, घरेलु तथा साना उद्योगहरूको लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ को अधिनमा रही कार्यालय र सम्बन्धित उद्योग/उद्यमीको ५०/५० प्रतिशत लागत साझेदारीमा प्रविधि (मेशीन, औजार र उपकरण) उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०७९।०९।२७) भित्र रू १०० राजस्व तिरी रितपूर्वक प्रस्ताव (निवेदन) पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजात**

- निवेदनको ढाँचा (कार्यालयबाट प्राप्त गर्न सकिने)
- उद्योग दर्ता प्रमाणपत्र र आ.व.०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
- प्रस्तावपत्रमा माग गरिए बमोजिमका कागजातहरू

**विस्तृत जानकारीका लागिः**

**घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौं**
सम्पर्क नं. ०१-५३६१४५०, ९८५१३३५११३ फेसबुक पेजः csioktm,
ईमेलः csiokathmandu@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SENDAN INTERNATIONAL COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. 278397 चलानी नं. ६०१९३८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Helper | 45 | 0 | 1000 | ३५,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding Erector | 45 | 0 | 1200 | ४२,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
Govt. License 226/058/059
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN FACTORIES COMPANY FOR FOOD AND DAIRY VADICO

पुर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. 278028 चलानी नं. ६०१९३८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 5 | 0 | 1800 | ६३,२२० | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Battisputali-9 Gaushala, Bijay Chowk, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 01-4110300, 4110479
www.pashupatihr.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUNWORLD BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मितिः २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. 271988 चलानी नं. ६०१९०६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Worker | 0 | 10 | 160000 | १,५८,५४० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ४०,०००/-

कम्पनी : TECHTAS BUSINESS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मितिः २०७९/०९/०८ LT. No. 275048 चलानी नं. ६०१९३७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AGRICULTURAL | 0 | 2 | 160890 | १,५९,४२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMAAR VILLAS CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०३/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. 266950 चलानी नं. ६०१९१५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 17 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTMRAR LIMITED COMPANY

पूर्व स्वीकृति मिति २०७८/०७/०४ पूनः विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. 248537 चलानी नं. ६०१९२३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1200 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOT BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०३/१५ पूर्व स्वीकृति मिति २०७९/०९/११ LT. No. 265593 चलानी नं. ६०१८२१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६१,६४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५४,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १९ गते (3rd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यस विज्ञापन LT No. 265593 मितिः २०७९/०९/१२ मा Trust Nepal Overseas Pvt. Ltd. म्यानपावरको नामबाट प्रकाशित हुनुपर्नेमा भूलबस अन्यथा हुन गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Trust Nepal Overseas Pvt. Ltd.**
Govt. lic. no. 259/058/059
Maharajgunj, Kathmandu, Nepal, Tel. +977-1-4377190, 4377196,
Fax: 0977-1-4375788, Email: info@trustnepal.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART QUALITY FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७९/०५/१९ पून: विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT No.271070 चलानी नं.६०१८६८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 3600 | १३०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant | 1 | 0 | 1300 | ४७,१३५ | | | | | | | |
| 3 | General Clean Worker | 6 | 0 | 1000 | ३६,२६० | | | | | | | |
| 4 | Labor | 1 | 0 | 1000 | ३६,२६० | | | | | | | |
| 5 | Receptionst | 4 | 0 | 1100 | ३९,८८५ | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ७९,७७० | | | | | | | |
| 7 | Sales Employee | 2 | 0 | 2100 | ७६,१४५ | | | | | | | |
| 8 | Sales Supervisor | 2 | 0 | 2500 | ९०,६४५ | | | | | | | |
| 9 | Salesman | 2 | 0 | 1300 | ४७,१३५ | | | | | | | |
| 10 | Supervisor | 1 | 0 | 2500 | ९०,६४५ | | | | | | | |
| 11 | Typist | 1 | 0 | 1300 | ४७,१३५ | | | | | | | |
| 12 | Waiter | 4 | 0 | 1400 | ५०,७६० | | | | | | | |

कम्पनी : AMER NASSR EST.

पुर्व स्वीकृति मिति २०७९/०९/१२ LT No.278351 चलानी नं.६०१९३८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labor | 3 | 0 | 1800 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
9801020501, 9810259009,9851039010, 9851028467
E-mail : omoverseas36@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BARAHAT MSHEIREB HOTEL LLC

पुर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. :278341 चलानी नं. ६०१९३८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1800 | ६५,२६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 0 | 2 | 2300 | ८३,३९५ | | | | | | | |

कम्पनी : BOX STATION RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. :278340 चलानी नं. ६०१९३८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Or Cook | 2 | 0 | 1500 | ५४,३९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Work | 1 | 0 | 1000 | ३६,२६० | | | | | | | |
| 3 | General Cook | 3 | 0 | 1500 | ५४,३९० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३६,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dream & Guide System Pvt. Ltd.**
श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/
info@dreamandguide.com, Web:- www.dreamandguide.com

# प्रदूषण जाँच फेल हुने गाडीलाई एक लाख जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** वन तथा वातावरण विभागले काठमाडौं उपत्यकामा वायु प्रदूषणको मुख्य कारण गाडीले पर्याँक्ने धुवाँ रहेको जनाएको छ । विभागले धुवाँ नियन्त्रणका लागि उपत्यकामा गाडीहरूको प्रदूषण जाँचलाई कडाइ गरेको र त्यसपछि देशका अन्य मुख्य सहरमा पनि सवारी प्रदूषण जाँचको तयारीमा रहेको जनाएको छ ।

प्रदूषण जाँचमा पास हुन नसक्ने गाडीलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्ने विभागले चेतावनी दिएको छ । कैफियत भेटिएमा वातावरण संरक्षण ऐन-२०७६ को दफा ४१ को उपदफा-२ अनुसार जरिवाना हुने बताइएको छ । यही पुस १ गतेदेखि सुरु भएको प्रदूषण जाँच अभियानमा काठमाडौं उपत्यकामा चल्ने कम्तीमा पनि २८ भन्दा बढी गाडीलाई कारबाहीसहित जरिवाना गरिएको विभागले जनाएको छ ।

गाडीहरूले पर्याँक्ने धुवाँको अवस्थाबारे प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटिमिटर'मार्फत छड्के जाँच सुरु गर्ने गरिएको विभागका प्रवक्ता शंकरप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार प्रदूषण जाँचमा फेल भएका गाडीधनीलाई पाँच हजार रूपैयाँ जरिवाना तिराइएको र तीन दिनभित्र मर्मत गराएर पुनःपरीक्षणका लागि विभागमा आउन भनिएको छ ।

उक्त जाँचमा काठमाडौं उपत्यकामा चल्ने गाडीहरूले पर्याँक्ने धुवाँको अवस्था खराब देखिएको बताइएको छ । 'भाडामा चल्ने धेरै गाडी प्रदूषण जाँचमा फेल भएका छन्,' वातावरण विभागका प्रवक्ता पौडेलले भने, 'विभागले विशेषगरी डिजेलबाट चल्ने जिप, भ्यान, बसलगायतको परीक्षण गर्दै आएको छ, गाडी प्रदूषण पास नभएसम्म पटक-पटक जाँच गर्न लगाउनेछौं ।'

यसैगरी विभागले टोली बनाएर उपत्यकाका विभिन्न ठाउँमा गाडीहरूले पर्याँक्ने धुवाँको अवस्था बुझ्न छड्के जाँच पनि गरिरहेको छ । टोलीले प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटिमिटर'मार्फत गाडीले पर्याँक्ने धुवाँको परीक्षण गर्दै आएको हो । छड्के जाँचमा प्रदूषण जाँचपासका रूपमा हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि प्रदूषण जाँचमा अनुत्तीर्ण हुने गाडीलाई जरिवाना गरिने जनाइएको छ ।

# पोलियोविरुद्धको खोप १४ हप्तामा

**काठमाडौं** (प्रस)– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पोलियोविरुद्धको खोप 'एफआइपिभी' लगाउने समय परिवर्तन गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.सञ्जयकुमार ठाकुरले विज्ञको सल्लाहमा नै लगाउने समयको अवधि परिवर्तन गरिएको जानकारी दिए ।

उनका अनुसार एक वर्षमुनिका बालबालिकाका लागि पहिले छ हप्ता र १४ हप्तामा गरी दुई मात्रा दिने गरेकामा अब पहिलो मात्रा १४ हप्ता र दोस्रो मात्रा नौ महिनामा लगाइनेछ ।

यस्तै एक वर्ष उमेरमा खोप लगाउन छुटेमा पाँच वर्षभित्रमा बालबालिकाले पनि लगाउन सकिने उनले बताए । उनका अनुसार पाँच वर्षभित्रमा बालबालिकाले चार महिनाको फरकमा दुई मात्रा खोप लगाउने छन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/१५ मा दर्ता भएको **प्रा.लि. नं. २३३४०६** को **राकल इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. लि.** को मिति २०७९/०९/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**
**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/२९ मा दर्ता भएको **प्रा.लि. नं. १४५१३३** को **सिल्ली इन्टरनेशनल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## श्री पूर्वी पृतना हे.क्वा., इटहरी, सुनसरी

**बोलपत्र आह्वानको सूचना**

सूचना नं. २०७९/८०/१०(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३ गते)

१. आर्थिक वर्ष २०७९/८० मा बजेट उपशीर्षक नं.३४५०१०११४ (पूँजीगत खर्च तर्फ) को खर्च शिर्षक नं.३१११२ गैर आवासिय भवन निर्माण/खरिद बजेटबाट इटहरी ब्यारेक, सुनसरीमा कार्यालय भवन निर्माण गर्नको लागि e–GP System को माध्यमबाट बोलपत्र आह्वान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक बोलपत्रदाताहरूले बिस्तृत जानकारीको लागि सार्वजनिक खरीद अनुगमन कार्यालयको वेबसाइट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्र सम्बन्धी कागजातहरू यस पृतना हे.क्वा.बाट e–GP System मा अपलोड हुने हुँदा बोलपत्र सम्बन्धी सम्पूर्ण विवरण यस पृतना हे.क्वा.को नामबाट सार्वजनिक खरीद अनुगमन कार्यालयको वेभसाइटमा अपलोड भएको e–GP बाट डाउनलोड गरी प्राप्त गर्नु हुन ।

**बोलपत्र सम्बन्धी विवरण**

| सि. नं. | कार्यक्रमको नाम र विस्तृत विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यालयको नाम | जिल्ला | कार्यक्रमको विवरण | ईकाई | परिमाण | |
| १ | पूर्वी पृतना हे.क्वा. | सुनसरी | कार्यालय भवन | संख्या | १ | |

## ओमन/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NASSER BIN ALI AL HATMI TRADING AND CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०७९।०२।०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No.262851 चलानी नं.: ६०१७९४४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OMR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chambermaid | 1 | 0 | 150 | ५१,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : **MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY**

पुर्व स्वीकृति मिति २०७९/०७/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. 275568 चलानी नं. ६०१९१२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YOKE FOOD INDUSTRIES SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. 278245 चलानी नं. ६०१९३७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : **LUCKY PLASTIC PRECISION MOULD SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. 278246 चलानी नं. ६०१९३७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 20 | 1500 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : **LEK SOON ENGINEERING SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No. 278276 चलानी नं. ६०१९३८७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1500 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMNA BEAUTY BEAUTY SALON**

पूर्व स्वीकृति मिति : २०७९/०९/१२ LT. No. 278270 चलानी नं.६०१९३८३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ५२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Fishtail Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. १२८६/०७४/०७५
Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email: hrfishtailoveraeas@gmail.com, Web: www.fishtailjobs.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMIANTIT QATAR PIPES CO. LLC**

पूर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. : 253301 चलानी नं. ६०१६९२४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 25 | 0 | 1000 | ३६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KERALA FOOD INDUSTRIES (KL) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/११ LT. No. 278228 चलानी नं. ६०१९३७६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Preparator | 15 | 0 | 1500 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० र २१ गते (4/5th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.** Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## मेगा बैंक नेपाल लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७९/०९/१३)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/०९/१९

**बोलपत्र खोलिने मिति**
२०७९/०९/२० दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणी : जय भवानी कृषि तथा पशुपालन कम्पनी प्रा.लि.**<br>दर्ता नं. : २५८८५७/०७७/०७८<br>ठेगाना : बुटवल १४, रुपन्देही<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. गोविन्द प्रसाद शर्मा**<br>(ना.प्र.नं. ३७२०२६/४६८१०, मिति २०६४/१२/०६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : कविराज शर्मा<br>बाजे : छविलाल शर्मा<br>**२. कमला शर्मा**<br>(ना.प्र.नं. ३७२०२५/५७२२६, मिति २०६६/१०/२० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : गोविन्द प्रसाद शर्मा<br>ससुरा : कविराज शर्मा<br>(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)<br>(प्रकाशित मिति २०७९/०४/३०)<br>(धितो लिलामी सम्बन्धी १५ दिने सूचना)<br>(प्रकाशित मिति २०७९/०६/०७)<br>(धितो लिलामी सम्बन्धी ०७ दिने सूचना)<br>(प्रकाशित मिति २०७९/०७/२४)<br>(आर्थिक अभियान/नेपाल समाचारपत्र/ प्रभाव राष्ट्रिय दैनिक) | १. गोविन्द प्रसाद शर्माको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेलमार गा.वि.स./न.पा. वडा नं. ०९ (ग) स्थित कि.नं. २०१ (०-१-८.७५ विगाहा) र ऐ.ऐ. दुधराक्ष गा.वि.स./न.पा. वडा नं. ०३ (ख) स्थित कि.नं. १८३० (०-०-५.७५ विगाहा) र कि.नं. १८३२ (०-०-२.२५ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. जय भवानी कृषि तथा पशुपालन कम्पनी प्रा.लि. को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेलमार गा.वि.स./न.पा. वडा नं. ०९ (ग) स्थित कि.नं. २०३ (०-१-८.७५-० विगाहा), कि.नं. २०२ (०-०-१४.२४३-० विगाहा), कि.नं. २०४(०-०-१४.२४५-० विगाहा) र ऐ.ऐ. वडा नं. ०१ (ख) स्थित कि.नं. २७२ (०-१-१०-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>**कम्पनीको नाम : Ford Thailand**<br>**सवारीको मोडेल : Ranger 3.2**<br>**निर्माण वर्ष : 2019**<br>**ईन्जिन नं. : P5ATZ664541**<br>**च्यासिस नं. : MNBLMFF50JW864539**<br>**सवारी दर्ता नं. : प्र. ३-०१-०२३ च १४०४** | <br>गोविन्द प्रसाद शर्मा<br><br>कमला शर्मा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइट: www.megabanknepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TAWASUL TRANSPORT L.L.C**

पूर्व स्वीकृति मिति : २०७८/०८/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१२ LT. No. 251445 चलानी नं. ६०१६८८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 52 | 0 | 1500 | ५३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9851112074,9841935884,9841541592, 9808658844

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **DAEM MODERN SUPPORT SERVICES CO**

पूर्व स्वीकृति मिति २०७९/०९/१२ LT. No.278136 चलानी नं. ६०१९३८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 12 | 0 | 1500 | ५२,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अर्थतन्त्र जोगाउने जिम्मेवारी

नाटकीय राजनीतिक घटनाक्रमसँगै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार बनेको छ । मुलुकको राजनीति र अर्थतन्त्र संकटपूर्ण अवस्थामा रहेको बेला दाहाल तेस्रोपटक प्रधानमन्त्री बन्दै सत्ताको बागडोर सम्हाल्न आइपुगेका हुन् । दाहालको मन्त्रीमण्डलमा अर्थ मन्त्रालयको जिम्मेवारीसहित एमाले उपाध्यक्ष विष्णु पौडेल आएका छन् । अर्थमा उनको पनि यो तेस्रो यात्रा हो । यसअघि २०७२ सालमा केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद् र २०७७ असोजमा युवराज खतिवडाको बहिर्गमनपछि पौडेल अर्थमन्त्री बनेका थिए । यस हिसाबले उनी यसपालि दुईपटकको अनुभवसहित अर्थमा प्रवेश गरेका छन् ।

अनुभवी भए पनि उनी चुनौतीपूर्ण अवस्थामा अर्थको बागडोर सम्हाल्ने जिम्मेवारीमा पुगेका छन् । यतिबेला मुलुकको अर्थतन्त्र संकटतर्फ उन्मुख रहेकोले त्यसलाई 'ब्रेक' लगाउँदै सुधारको अवस्थामा फर्काउनुपर्नेछ । मुलुकको आम्दानीको तुलनामा चालु खर्च लगातार बढिरहेको छ, जुन अर्थतन्त्रका लागि निकै चुनौती बनिरहेको छ । सरकारलाई बजेटको लक्ष्यअनुसार खर्च गर्न र राजस्व संकलनमा सकस परेको छ । अर्कोतर्फ पुँजीगत खर्च बढाउन सकेको छैन । यो विगतदेखिकै समस्या हो ।

तरलता अभावले मुलुकको वित्तीय क्षेत्र समस्यामा परेको लामो समय भइसक्यो । यसले समग्र व्यापार व्यवसायलाई प्रभावित तुल्याएको छ । लगातार घटिरहेको विदेशी मुद्राको सञ्चितिमा पछिल्लो समय केही सुधार देखिए पनि चुनौती हटेको छैन । किनभने मुलुकमा भित्रिने रेमिटचान्स बढेका कारण मात्र विदेशी विनिमय सञ्चितिमा सुधार देखिएको हो । पर्यटन क्षेत्र पनि सकारात्मक लयमा आएको छ । निर्यात व्यापार बढाउन तथा अन्य विदेशी विनिमय आम्दानी हुने क्षेत्रमा सुधार गर्नुपर्छ ।

अर्थतन्त्रका यी समस्यालाई सम्बोधन गर्नु तत्कालको आवश्यकता हो । यसका लागि अर्थमन्त्री पौडेलले कडाइका साथ अघि बढ्नुपर्छ । मुलुकको ढुकुटी जोगाउने, ढुकुटीबाट खर्च गर्ने जिम्मा अब पौडेलको हातमा छ । संकटोन्मुख अर्थतन्त्रलाई जोगाउन अर्थमन्त्रीले सुशासन र आर्थिक अनुशासनलाई कडाइका साथ लागू गर्नुपर्ने छ । सरकार र माताहतका निकायहरूलाई मितव्ययी बनाउनुपर्छ । भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती नियन्त्रणका लागि कठोर नीति लिएर अगाडि बढ्न जरुरी छ । यसमा कठोरताका साथ नलाग्ने हो भने अपेक्षित सुधार सम्भव हुने देखिँदैन । त्यसैले अर्थमन्त्री पौडेलको ध्यान यसतर्फ जान जरुरी छ ।

मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको निजी क्षेत्र र नियमनकारी निकायहरूबीच बढेको दूरीलाई कम गर्दै सरकारप्रति निजी क्षेत्रको विश्वास बढाउनु पनि अहिलेको आवश्यकता हो । तर, कसैको स्वार्थमा लागेर मुलुकको अर्थतन्त्रलाई दीर्घकालीन असर पुऱ्याउने निर्णयमा अर्थमन्त्री सजग बन्नैपर्छ । अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकजस्ता नियमनकारी निकायहरूलाई स्वतन्त्र ढंगले चल्न दिनुपर्छ । यसअघि अनावश्यक हस्तक्षेपले यी निकायहरूले प्रभावकारी काम गर्न नसकेको उदाहरण ताजै छ । यस्तो फेरि दोहोरिन दिनु हुँदैन ।

अनावश्यक खर्च नियन्त्रण गर्ने, बजेट विनियोजन गर्दा त्यसको औचित्य र आवश्यकता पुष्टि गराउने कार्य अर्थ मन्त्रालयले नै गर्ने हो । त्यसैले मुलुकको अर्थतन्त्रमा देखिएको सम्भावित संकट नियन्त्रण गरी सही दिशामा डोऱ्याउनेतर्फ अर्थमन्त्री पौडेलको ध्यान केन्द्रित हुनुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाइ समाउनसाथ सबैले ताली पिटे ।

त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो । क्रमश :

# त्रेता युग सम्झाउने जनकपुरधाम

अजयकुमार साह

*याह छी हमर जनकपुर,*
*यी सीताके जनकपुर*
*यी जनक गाम जनकपुर,*
*यी हमरा अहाँक जनकपुर*

*(अर्थात् यो हो हाम्रो जनकपुर, सीताको जनकपुर, जनकको नगरी जनकपुर, तपाईं हामी सबैको जनकपुर)*

प्राचीन मिथिलाको राजधानी तथा मधेस प्रदेशको राजधानी जनकपुरधाम पुरातात्त्विक सम्पदा, संस्कृति र मिथिला कलाले जति धनी छ, धार्मिक गन्तव्यका दृष्टिले पनि त्यत्तिकै वैभवपूर्ण छ ।

हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र जनकपुरधाम धार्मिक तथा पर्यटकीय नगरीमध्ये एक महत्त्वपूर्ण स्थल हो । पछिल्लोपटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबाट यहाँको भ्रमणले जनकपुर हेर्न विश्वका पर्यटक लालायित हुन थालेका छन् । धार्मिक पर्यटनको प्रशस्त सम्भावना बोकेको जनकपुरधामलाई ५२ कुट्टी ७२ कुण्डको सहरको नामले पनि चिनिन्छ । यहाँ पाइलैपिच्छे विभिन्न देवीदेवताका आकर्षक मठमन्दिर र तालतलैया छन् ।

प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको जनकपुरलाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गर्न सके यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आउन सक्छ । मिथिलाका प्रचलित चाडपर्व विवाहपञ्चमी, रामनवमी, छठ, मिथिला परिक्रमा, होली तथा मिथिला लोकगीत र नृत्यको आयोजना गरी साँस्कृतिक मनोरञ्जन पनि पर्यटकलाई दिन सकिन्छ ।

जानकी मन्दिरलगायत राममन्दिर, राजदेवी मन्दिर, लक्ष्मण मन्दिर, जनक मन्दिर, गंगा सागर, धनुषा सागर, अरगजा सागरलगायत दर्जनौं तालतलैया र मठमन्दिर छन् । बिहानैदेखि यहाँका मठमन्दिरमा गुञ्जिने मैथिली गीतसंगीतले पर्यटक तथा श्रद्धालु भक्तजनलाई मन्त्रमुग्ध बनाइदिन्छ ।

रामजानकी विवाहपञ्चमी महोत्सव, विजयादशमी, दीपावली, छठ पर्व, रामनवमी, जानकी नवमीलगायत चाडपर्वमा जनकपुरधामलाई बेहुलीझैँ सिँगारिने गरिन्छ । अंग्रेजीको नयाँ सम्वत् २०२३ मनाउन जनकपुरधाम आउनेले अहिलेदेखि नै यहाँका होटल बुक गराएर राखेको पर्यटन व्यवसायी तथा होटेल बेलकमका सञ्चालक अभिषेक झुनझुन बाला बताउँछन् ।

### यसरी गरौं घुमघाम


भारत मध्यप्रदेशस्थित टीकमगढकी राजकुमारी वृषभानुकुमारीले नौ लाख रूपैयाँको चाँदीका असर्फी खर्चेर जानकी मन्दिर निर्माण गराएकीले यसलाई नौलखा मन्दिर पनि भन्ने गरिन्छ । सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा मुगल शैलीमा निर्माण भएको यस मन्दिर नेपालकै उत्कृष्ट कलाको नमूना मानिन्छ ।

जनकपुरमा हरेक रामनवमी, जानकी नवमी, रामजानकी विवाह महोत्सव, कोजाग्रत पूर्णिमामा, झुला महोत्सव र १५ दिने मिथिला माध्यमिकी परिक्रमा ठूलो मेला लाग्छ । जानकी मन्दिर निर्माणको सवा सय वर्ष नाघे पनि यसमा स्थापित राम र जानकीका प्रतिमा झण्डै ७०० वर्ष पुरानो भएको संस्कृतिविद्को भनाइ छ । मन्दिरका नाममा अहिले पनि सयौं बिघा जग्गा छ । मन्दिरभित्र त्रेतायुगलाई स्मरण गराउने संग्रहालय रहेको र यसमा रामसीता, राजा जनकलगायतका पहिरनको नमूना र विभिन्न कलात्मक प्रतिमा देख्न सकिन्छ ।

जानकी मन्दिरमा विगत ५६ वर्षदेखिको अखण्ड रामसीता भजन पनि अवलोकन गर्न सकिन्छ । मन्दिर अवलोकन एवं घुमघामका लागि यहाँ दैनिक हजारौं श्रद्धालु भक्तजन एवं आन्तरिक तथा बाहय पर्यटक पनि आउने गर्छन् ।

### रामजानकी विवाहमण्डप

जानकी मन्दिरसँगै उत्तर छेउमा टाँसिएको रामजानकी विवाहमण्डपमा त्रेतायुगको रामसीताको विवाहको झझल्को हेर्न सकिन्छ । विवाहमण्डपमा आकर्षक फूलबारीसमेत छ । पछिल्लो समय यो विवाहमण्डप मानिसको विवाह गर्ने तथा विवाहका लागि निर्णय लिने स्थलका रूपमा विकसित हुन थालेको छ ।



### मणिमण्डप

पौराणिककालमा राजा जनककी छोरी सीता र दशरथका छोरा रामको विवाह मणिमण्डपमा भएको जनविश्वास छ । मैथिली परम्परामा मडवा बनाइ वैवाहिक कार्यक्रम सम्पन्न गरिने चलन छ । त्यहाँ रहेको करिब दुई मिटर लामो र त्यत्तिकै चौडा माटोको ढिस्को नै मडवा (मण्डप) हो भन्ने जनविश्वास छ । प्रचारप्रसारको अभावमा ओझेलमा परेको मणिमण्डप संरक्षण प्रचारप्रसारले पर्यटकको रोजाइमा पर्न थालेको छ । उक्त मणिमण्डप जानकी मन्दिरबाट झण्डै चार किलोमिटर उत्तरपश्चिम जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित रानीबजारमा अवस्थित छ ।

सो स्थानमा चार वर्षअघि उत्खनन गर्दा माटाका विभिन्न भाँडा, प्राचीन चुलो, खरानीलगायत फेला परेकाले प्राचीनकालमा त्यहाँ बस्ती भएको हुनसक्ने अनुमान गरिएको थियो । सोही चुलोमा सीता-रामको विवाहका बेला लावा भुटिएको धार्मिक मान्यतामा विश्वास गर्नेहरूको विश्वास छ ।

मणिमण्डपमा रहेको मन्दिरमा सीता-रामको दिव्यमूर्ति छ । मन्दिरको अगाडि रहेको पोखरीमा स्नान गर्नाले पापबाट मुक्ति मिल्ने जनविश्वास छ । विवाहपञ्चमीका अवसरमा हजारौं भक्तजन मणिमण्डपमा नुहाउन पुग्छन् ।

### महागंगा आरती

गंगासागरमा सन्ध्याकालमा सधैं महागंगा आरती हुने भएकाले त्यहाँ स्थानीय भक्तजन एवं पर्यटकको घुइँचो लाग्ने गर्दछ । धार्मिक एवं ऐतिहासिक तलाउ गंगासागर चार वर्ष अघिसम्म फोहोरमैलाको चपेटामा परेकामा जनकपुरकै सबैभन्दा स्वच्छ सरोवरका रूपमा लिइने र यहाँ नित्य साँझ भजन-प्रार्थना हुने गर्दछ ।

### स्वर्गद्वार तथा बाबा भूतनाथ मन्दिर

फोहोरै फोहोरले भरिएको र मुर्दा जलाइने ठाउँ अहिले स्वर्गद्वारको रूपमा परिचय बनाएको छ । चिटिक्क परेको ठाउँ, रंगीविरंगी फूल भएको भूतनाथको मन्दिरसँगै रहेको आधुनिक दाहसंस्कारस्थल मसानघाट मात्र होइन अहिले पर्यटकीय गन्तव्य बनेको छ । जनकपुरका समाजसेवी पवन सिंहानियाले चन्दा संकलन गरी स्वर्गद्वार निर्माण गराएका हुन् ।

### धनुषाधाम मन्दिर

धनुषामै पर्ने जनकपुरभन्दा बाहिरको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल धनुषाधाम पनि हो । रामायणसँगै सम्बन्धित धनुषाधाममा धनुष मन्दिर छ । राजा जनकले छोरी जानकीको विवाहका लागि आयोजना गरेको सीता स्वयंवरमा रामले भाँचेको धनुषको एक टुक्रा आकाश, अर्को पाताल र अर्को मध्य टुक्रा धनुषाधाममा झरेको किंवदन्ती छ । 'विष्णु पुराण'का अनुसार त्रिपुरासुर संगम भएपछि दधिचि ऋषिको हाडबाट बनेको धनुष परशुरामलाई दिइएको थियो । परशुरामले उक्त धनुष राजा जनकलाई दिएका थिए ।

राजा जनकले उक्त धनुष तोड्नेसँग नै आफ्नी छोरीको बिहे गरिने सर्त राखेकामा रामले ताँदो चढाउँदा भाँचिएको धनु त्यहाँ खसेकाले जनकपुरको पोखरी धनुषसागरले चिनिन्छ । धनुषको मध्य टुक्रा झरेको स्थानमा धनुषबाबाको मन्दिर निर्माण गरिएको छ । सो धनुषको टुक्रालाई पूजाअर्चना गर्ने गरिन्छ । धनुषाधाममा १५ दिने मध्यमा परिक्रमाका क्रममा एक दिन विश्राम गरिन्छ । यहाँ बर्सेनि माघको प्रत्येक आइतबार मकर मेला आयोजना हुन्छ ।

### रामानन्द प्रवेशद्वार

जनकपुरमा प्रवेश गर्नेबित्तिकै एउटा ठूलो प्रवेशद्वार देखिन्छ । रामानन्द प्रवेशद्वारको माथि स्वामी रामानन्दको प्रतिमा छ । आर्किटेक्ट इञ्जिनियर शंकरनाथ रिमालले डिजाइन गरेको सो प्रवेशद्वार एसियाकै सबैभन्दा ठूलो प्रवेशद्वार मानिन्छ ।

'विष्णु पुराण,' 'वायु पुराण, 'शतपथ,' 'भागवत्,' 'वाल्मीकि रामायण,' र 'वृहदारण्यकोपनिषद्' जस्ता धार्मिक ग्रन्थमा पुण्यभूमि, तपोभूमि र सर्वश्रेष्ठ तीर्थका रूपमा जनकपुरलाई उल्लेख गरिएको छ । जनकपुरक्षेत्रका जलेश्वर र गिरिजास्थानको पनि धार्मिक पर्यटनमा महत्त्वपूर्ण स्थान छ । यस्ता प्रशस्त धार्मिक क्षेत्र रहेको प्राचीन मिथिलाको राजधानी र अहिले प्रदेश २ को राजधानी जनकपुरमै भएकाले पनि पर्यटन क्षेत्रको तीव्र विकास हुनुपर्ने सरोकार भएकाहरू बताउँछन् ।

प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको जनकपुरलाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गर्न सके यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आउन सक्छ । मिथिलाका प्रचलित चाडपर्व विवाहपञ्चमी, रामनवमी, छठ, मिथिला परिक्रमा, होली तथा मिथिला लोकगीत र नृत्यको आयोजना गरी साँस्कृतिक मनोरञ्जन पनि पर्यटकलाई दिन सकिन्छ ।

जनकपुर विवाह भूमि वा आदर्श भूमिको रूपमा स्थापित भएकाले विवाह गन्तव्यस्थलका रूपमा पनि विकसित गर्न सकिने संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडी बताउँछन् । अग्निकुण्ड, विहारकुण्ड, रसिक निवास, हनुमान दरबार, रानीपाटी, पीपरा कुटी पनि आकर्षणका केन्द्र हुन् । गंगासागर, धनुषसागर, रामसागर, रत्नसागर, ज्ञानकुप, अग्निकुण्ड, अरगजा, दशरथसर, गोडधोइ, पापमोचनिसर, लक्ष्मणसागर जस्ता ५२ कुटी र ७२ कुण्डको प्रचारप्रसार हुनसके यहाँको पर्यटन विकासमा निकै टेवा पुग्ने देखिन्छ ।

### स्थानीय सरकारको चासो

पछिल्लो समयमा यस क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका लागि स्थानीय तथा प्रदेश र संघीय सरकारले चासो दिएका छन् । संघीय सरकारले पर्यटन कार्यालय जनकपुर, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मार्फत लगानी पनि गर्दै आएकाले मध्य तराईको सप्तरीदेखि सर्लाहीसम्मका धार्मिक पर्यटकीयस्थल र प्राकृतिक सम्पदाको संरक्षण सम्वर्द्धन र पूर्वाधार निर्माणमा केही हदसम्म सहयोग पुगेको छ ।

नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण प्राचीन धार्मिक महत्त्व बोकेको जनकपुरको बारेमा पर्याप्त प्रचारप्रसार हुन नसकेको बताउँछन् । जनकपुरको पर्यटन विकासका लागि जनकपुर-चितवन-लुम्बिनी-पोखराको संयुक्त कार्यक्रम बनाएर अघि बढ्न सके विश्वकै नमूना पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने पर्यटन व्यवसायी रूपेश सिंहको भनाइ छ । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साह जनकपुरले सहरका सबै मापदण्ड पूरा गरेको बताउँछन् । *रासस*

## पत्र-मञ्जुषा

# देशको अवस्था सुधार्न लागौं

पछिल्लो समय नेपालीहरूमा विदेशमोह लागेको छ । पैसा हुने होस् या नहुने, सबै विदेश जान चाहन्छन् । बच्चा होस् या बूढा सबैको जिब्रोमा छ, विदेश । सर्वसाधारणदेखि व्यापारी, सरकारी कर्मचारीदेखि राजनीतिक दलका नेताहरूलेसम्म आफ्ना छोराछोरी विदेश नै पठाउँछन् ।

विदेश गएपछि सुःखैसुःखै हुन्छ भनी मानिसहरू ऋण गरेर भए पनि विदेश नै जान चाहन्छन् । सानोतिनो व्यापार व्यवसाय गरेर नेपालमै बस्छु, नेपालको विकास गर्छु, सरकारलाई कर तिर्छु भन्ने भावना त कसैमा पनि भेटिँदैन । व्यापार गरेमा लगानी डुब्छ वा फाइदा हुँदैन भनेर त्यही पैसा विदेश जान लगानी गरिन्छ । यतिमात्र नभई विदेश गएपछि पनि आफ्नो पुर्ख्यौली सम्पत्ति यहाँबाट बेचेर लगिन्छ । अब भन्नुस् के यो राम्रो काम हो ।

आमाबुबाहरू यता भ्रष्टाचार गरेर वा ऋण गरेर छोराछोरी विदेश पठाउँछन् तर मर्ने बेला त्यही छोराछोरी साथमा हुँदैनन् । पहिला छोराछोरी पठाउने समय खुसीखुसी पठाउँछन् तर पछि उनीहरूबाट साथ पाउँदैनन् । अहिले त आफ्ना छोराछोरी विदेश पठाउनेमा सबैभन्दा बढी नै भ्रष्टाचारमा संलग्न व्यक्तिहरू छन् । यहाँ बसेर राज्यलाई कर छलेर वा भ्रष्टाचार गरेर पैसा कमाउँछन् र त्यो पैसाले छोराछोरीलाई उता विदेशमा घर किन्न लगाउँछन् र छोराछोरीको कमाइले किनेको दाबी छन् । यसले गर्दा देशको मुद्रासँगसँगै दक्ष जनशक्ति पनि बाहिरिरहेका छन् ।

अहिले राहदानी विभागमा युवाहरू अमेरिका, अस्ट्रेलिया जानका लागि लाइन लागिरहेका छन् । सरकार पनि नेपाली जनतालाई देशमै रोजगारी दिन नसके पनि पैसा लिएर नागरिकता र राहदानी दिन सक्छ । तर यता मधेशमा आमाबुबा नेपाली भएपनि ७ लाख नेपाली मानिसहरू नेपाली नागरिकताबाट वञ्चित भइरहेका छन् । यो ७ लाख नेपालीको सरकार को हो भनेर अब राष्ट्रपतिले जवाफ दिनुपर्छ ।

खाडी मुलुकमा गएका मानिसहरूले त विदेश गएर पैसा पनि पठाउँछन् र नेपाल पनि फर्किन्छन् तर अमेरिका, अस्ट्रेलियामा पढ्न नाममा जाने मानिसहरूले नेपालको अर्थतन्त्र नै धराशायी बनाइरहेका छन् । उनीहरू आफू त गइनै रहेका छन् तर यहाँ भएको पैसा पनि लगिरहेका छन् । आफ्नो स्वार्थका लागि यिनीहरूले आफू जन्मिएको देशमाथि नै खेलबाड गरिरहेका छन् ।

जनसंख्याको आधारमा नेपालबाट विदेश गएका मानिसहरूले बर्सेनि १८ अर्बभन्दा बढी रकम नेपाल पठाउनुपर्ने हो । तर, यहाँ त १० अर्ब पनि आउन धौधौ छ । जो मान्छेले नेपालमा बसेर भ्रष्टाचार गरेर वा अन्य काम गरेर कालोधन्दा कमाएको छ त्यो मानिसले आफ्ना छोराछोरी अमेरिका, अस्ट्रेलिया पठाएर कालोधनलाई पनि सेतो बनाउँछन् । पछिल्लो समय भ्रष्टाचार गर्नेको र राजस्व छल्नेको संख्या बढिरहेको छ ।

नेपालबाट हुण्डीमार्फत बसेर्नि कति रकम विदेश पठाइन्छ भनेर नेपाल सरकारलाई थाहा छैन । यहाँ पछिल्लो समय व्यापार व्यवसाय गर्नेहरूले वित्तीय संस्थाबाट ऋण लिने र डुब्यो भनेर त्यो रकम विदेशमा लगानी गर्ने गरिरहेका छन् । साथै, आफू अमेरिका, अस्ट्रेलिया पुगेपछि उनीहरू आफू त फर्केर आउँदैनन् तर यहाँ भएको पुर्ख्यौली सम्पत्ति पनि बेचेर लैजान्छन् । नेपाली नागरिकता त्यागेपछि नेपालमा भएको सम्पत्ति भने त्याग्दैनन् ।

अन्य मुलुकले हाम्रो देशको पैसासँगसँगै दक्षजनशक्ति पनि लगे । जसले गर्दा देशको विकास र अर्थतन्त्रमा ठूलो संकट निम्ति रहेको छ । तर सरकार यसप्रति ध्यान दिँदैन । अब नयाँ सरकार बनेको छ । नयाँ गठबन्धनको सरकारमा नवोदित दलहरू पनि सहभागी हुँदै छन् । सरकारमा बस्नेले अब गम्भीररूपमा यो समस्याबारे सोच्नुपर्छ । अहिलेसम्म नेताहरूले आफ्नो अवस्थामा सुधार ल्याए तर देशको अवस्था जस्ताको तस्तै छ । त्यसैले अब देशको अवस्था सुधारमा सरकारमा रहेका दलहरू लाग्नुपर्छ । प्रतिपक्षमा बस्ने दलले पनि यसमा रचनात्मक भूमिका खेल्न आवश्यक छ ।

- ***संगीता राई,*** *धापासी*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# आत्मनिर्भर बन्दै अपांगता भएका महिला

**चौतारा–** सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी-५ छेकाथोककी अपांगता भएकी सुकमाया घले यतिबेला आत्मनिर्भरको बाटोमा लागेकी छन् ।

नगरपालिकाको सहयोग तथा चौतारा अपांगता समन्वय समितिको आयोजनामा पाँच दिने सिन्केधूप तथा साबुन बनाउने तालिम लिएपछि आफूमा केही गर्न सक्छु भन्ने भावना पैदा भएको उनले बताइन् । तालिमपछि घरमै धूप बनाएर बिक्रीबाट हुने आम्दानीले आफ्नो खर्च जुटाउन सकेको उनले बताइन् ।

नगरपालिकाले २० जना अपांगता भएका व्यक्तिलाई उक्त तालिम दिएको थियो । 'तालिमपछि सुरुआत गरेको कामबाट आर्थिकरूपमा आत्मनिर्भर बन्ने विश्वास लिएको छु,' उनले भनिन् । यसरी बनाएको धुप प्रतिमुठा छ रूपैयाँका दरले र साबुन प्रतिकेजी ७० रूपैयाँसम्ममा बिक्री गरिरहेको उनले बताइन् ।

घलेजस्तै गंगादेवी श्रेष्ठले पनि तालिमले आफूहरूलाई आत्मनिर्भर हुन प्रेरित गरेको बताइन् । 'यस्ता सीपले हामी अपांगता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउन सहयोग मिल्ने र यस्ता कार्यक्रम दीर्घकालीन योजनाका साथ सञ्चालन भएमा अपांगता भएका व्यक्ति आर्थिक रूपलेमाथि उठ्न टेवा पुग्नेछ,' उनले भनिन् । आफूहरूले दैनिक दैनिक १० देखि १२ किलोसम्म साबुन बनाउन सक्ने उनको भनाइ छ ।

दैनिकजसो ५०० भन्दा धेरै बत्ती कातेर जीवन चलाउँदै आएकी चौतारा बजारकी हरिमाया पुरी पनि आफूलाई केही गर्न सक्छु भन्ने भावना जागेर आएको बताउँछिन् । अपांगता भएका आफूजस्तालाई केही गर्न सक्दैनौं भन्नेका लागि आफूहरूले जवाफ दिन सकेको उनको भनाइ छ ।

सबै एकजुट भएर अपांगता भएका व्यक्तिले गर्न सक्ने काम गर्न जागरुक गरे आत्मनिर्भर बन्नसक्ने चौतारा सागाँचोकगढी नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद सापकोटाको भनाइ छ । 'अपांगता भएका व्यक्तिले सिकेको सीपले आत्मनिर्भर बनाउने कुरामा आफैँमा राम्रो हो,' उनले भने, 'आगामी दिनमा यस्ता व्यक्तिलाई आत्मनिर्भर बनाउन नगरपालिकाले सहयोग गर्नेछ ।' लक्षित वर्गका नाममा आउने बजेटलाई अपांगताको क्षेत्रमा विशेष जोड दिने उपप्रमुख सीता थापाले बताइन् । *रासस*

# निकुञ्जका खोर बाघले भरिए

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जमा नरभक्षी बाघ राख्नका लागि बनाइएका खोर बाघले भरिएका छन् । निकुञ्जमा खोरमा पाँच वटा बाघ छन् ।

निकुञ्जको मुख्यालय कसरामा तीन वटा र सौराहामा दुई वटा बाघ खोरमा छन् । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार सौराहामा मेघौली र कुमरोजबाट मानिसलाई आक्रमण गरेपछि उद्धार गरिएका बाघ राखिएको हो । कसरामा बाँकेबाट दुई वर्षअघि ल्याएको एउटा बाघ छ ।

त्यस्तै देवनगर र माडीबाट ल्याइएका दुई बाघ छन् । ती बाघ आठ वर्षदेखि १५ वर्षसम्मका रहेको तिवारीले जानकारी दिए । यस वर्ष माडीमा एक जनालाई बाघले आक्रमण गरेपछि उद्धार गरी ल्याइएको हो । अन्य बाघ अघिल्ला वर्ष ल्याइएका हुन् ।

यस आर्थिक वर्षमा हात्तीले दुई र गैंडाले एक जनालाई आक्रमण गरी ज्यान लिएका छन् । निकुञ्जमा थप बाघ राख्नका लागि खोर बाँकी छैनन् । कसरामा रहेको एउटा पुरानोलाई खोर मर्मत गरिँदै छ । खोरमा बाघ थपिए विकल्पको खोजी गर्नुपर्ने हुन्छ ।

तिवारीले पश्चिम चितवनको मेघौलीमा हात्तीले मान्छे मारेपछि सोही क्षेत्रमा घाइते बाघ रहेको अनुमानमा खोजी कार्य जारी राखिएको बताए । त्यहाँ बाघ भेटिएमा राख्नका लागि पुरानो खोर मर्मत हुँदै छ । बाघको संख्या निकुञ्जमा बढेसँगै समस्यामा परेका बाघ पनि बढेका हुन् ।

सन् २०२२ को गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क बाघको संख्या १२८ छ । पर्सा राष्ट्रिय निकुञ्जमा भने बाघको संख्या ४१ छ । देशभर बाघको संख्या ३५५ छ ।

उनका अनुसार सन् २०२२ मा गरिएको एक सर्वेक्षणमा निकुञ्जभित्र एक वर्ग किलोमिटरमा ९९.६ वटा आहाराको घनत्व रहेको पाइएको थियो । जुन राम्रो मानिन्छ । विगतका तुलनामा आहाराको घनत्व बढेको उनको भनाइ छ । बाघको पहिलो रोजाइ जरायो हुने गर्छ । समग्र मृग प्रजाति बाघको आहारा हो । जरायोसँगै लगुना, रतुवा जस्ता वन्यजन्तु बाघले सिकार गर्दछ । ती वन्यजन्तु नपाएमा बाघले बँदेलसमेत खाने तिवारीको भनाइ छ । घाइते र नरभक्षी वन्यजन्तु बढेपछि निकुञ्जको देवनगरस्थित वरण्डाभार वनमा व्यवस्थित ठाउँ निर्माणको तयारी गरिएको छ ।

